बन्दीपुर गाउँपालिका

# बन्दीपुर गाउँपालिका राजपत्र

बन्दिपुर गाउँ कार्यपालिकाद्वारा प्रकाशित

**खण्ड : १०** **संख्या :०५** **मितिः** २०८३/०४/१५

बन्दीपुर **गाउँ कार्यपालिका, बन्दिपुर, तनहुँ, गण्डकी प्रदेश, नेपाल**

## भाग २

# घ बर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी ब्यबस्था गर्न बनेको नियमावली, २०७५ को पहिलो संशोधन-२०८३

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता,विश्वसनीयता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजीक्षत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को नियम ११ र गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन, २०७४ को नियम ३ ले दिएको अधिकार प्रयोग गरी बन्दीपुर गाउँपालिको यो नियमावली जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, क्षेत्र र प्रारम्भ :** (१) यस नियमहरुको नाम ““घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी नियमावली, २०७५” रहेको छ ।

(२) यो नियमावली गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “इजाजतपत्र” भन्नाले यो नियमावली बमोजिम प्राप्त ““घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्झनु पर्छ ।

(ख) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने अधिकृतलाई सम्झनु पर्छ ।

(ग) “गाउँपालिका” भन्नाले बन्दीपुर गाउँपालिकालाई सम्झनु पर्छ ।

(घ) “निर्माण व्यवसायी” भन्नाले “घ” वर्गको निर्माण व्यवसायीलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## इजाजत पत्र सम्बन्धी कार्यविधि

३. **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :** प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस नियमावली बमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि निर्माण व्यवसाय गर्न गराउन हुँदैन ।

४. **नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची ५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा देहायको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

क. गाउँपालिकाको कार्यालयको प्राविधिक शाखा प्रमुख — संयोजक

ख. गाउँपालिकाको कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

ग. “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान सम्बन्धी कार्य गर्ने शाखा

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
बन्दिपुर गाउँपालिका

वा इजाजतपत्र प्रदान गर्न कार्यजिम्मेवारी तोकिएको शाखा प्रमुख – सदस्य-सचिव

(३) उपनियम (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म वा कम्पनीलाई प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-२ बमोजिमको दस्तुर लिई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**५. इजाजतपत्रको अवधि र नवीकरण** :(१) नियम ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र नियम ६ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय, प्रदेश र स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित गाउँपालिकावाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ। इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको विवरण भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । यसरी अनुसूची-४ वमोजिमको विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न वाध्य हुने छैन ।

(३) उपनियम (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गर्नेछ ।

**६. इजाजतपत्रको खारेजी** : (१) देहायको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नभएको वा सम्झौताको गम्भीर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) नियम ५ को उपनियम (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र नविकरण शुल्कको थप ५०% शुल्क लिई नविकरण गरिनेछ ।

**६. इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था** : कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**७. प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

बन्दिपुर गाउँपालिका

**८. बचाउ :** यो नियमावली जारी हुनु पूर्व प्रचलित कानून बमोजिम दर्ता भएका वा ईजाजत प्राप्त गरेका "घ" वर्गको निर्माण व्यवसायी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
बन्दिपुर गाउँपालिका
तनहुँ

## अनुसूची - १

(नियमावलीको नियम ४ को उपनियम (१) संग सम्वन्धित)

### ईजाजतपत्रको लागि दिइने दरखास्तको ढाँचा

दरखास्तवालाको फोटो

**विषय : इजाजतपत्र पाउ भन्ने बारे ।**

श्री प्रमुख प्रशासकीय अधिकृत
गाउँ कार्यपालिकाको कार्यालय,
बन्दिपुर, तनहुँ ।

उपर्युक्त विषयमा यस गाउँपालिकाको “घ” वर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी नियमावली, २०७५ को नियम २ को उपनियम (१) वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि “घ” वर्गको निर्माण व्यवसायी ईजाजतपत्र पाउन निम्नानुसारको विवरण भरी एवं देहायका कागजात समेत संलग्न यो दरखास्त पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको :-

नाम :-
ठेगाना :-
पोष्ट बक्स :-
टेलिफोन नं. :-
फ्याक्स नं.:-
ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति :-

प्राईभेट लिमिटेड कम्पनी ( )
एकलौटी ( )
पब्लिक लिमिटेड कम्पनी ( )
साझेदारी ( )

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-

नाम थर :-
ठेगाना :-
टेलिफोन नं. :-
फ्याक्स नं.:-
पोष्ट बक्स :-
ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-

नाम :-
दर्ता नं. :-
दर्ता मिति :-
अधिकृत पूजी :-
जारी पूजी :-

५. दर्ता गर्ने फर्म वा कम्पनीको नाम र कार्यालयको ठेगाना :-

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
बन्दिपुर गाउँपालिका
तनहुँ

६. इजाजतपत्र लिन चाहेको वर्ग :- “घ” वर्ग

७. आर्थिक श्रोतको विवरण :-

| **खाताको प्रकृति** | **रकम** | **वित्तीय संस्था/बैंकको नाम** |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| वचत खाता | | |

(उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।)

८. कर्मचारी तथा कामदारको विवरण :-

(क) प्राविधिक कर्मचारीको संख्या, नाम र पदः-

(प्राविधिक कर्मचारीको प्रमाणपत्रको प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ ।)

(ख) अप्राविधिक कर्मचारीको संख्या, नाम र पदः- :-

.(ग) कामदारको संख्या :-

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. संलग्न प्रमाण कागजातहरु :-

क. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
ख. मूल्य अभिवृद्धि करमा दर्ता भएकोप्रमाणपत्रको प्रमाणित प्रतिलिपी
ग. करचुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
घ. सञ्चालकहरुको नागरिकताको प्रमाणित प्रतिलिपी
ङ. अनुसूची ४ बमोजिमको प्रमाणित विवरण
च. अनुसूची २ बमोजिमको दस्तुर बुझाएको सक्कल रसिद

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
बन्दिपुर गाउँपालिका
तनहुँ

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

| |
|---|
| निर्माण व्यवसायीको छाप |

दरखास्तवालाको :-
नाम :-
ठेगाना :-
दस्तखत :-
मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्ने सक्कल कागजात देखाउनु अनिवार्य हुनेछ ।

## अनुसूची - २

( नियमावलीको नियम ४ को उपनियम (३) संग सम्वन्धित)

| क्र.सं. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | नामसारी गर्नका लागि सिफारिस दस्तुर | ईजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | घ | रु. ५,०००। | रु. ५,०००। | रु. २,५००। | रु. १,०००। | रु. १,०००। |

**द्रष्टव्य** : घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २० वमोजिम का नियम ३ को उपनियम (२) बमोजिम स्यादभित्र ईजाजतपत्र नवीकरण गराउदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
बन्दिपुर गाउँपालिका
तनहुँ

**अनुसुची-३**

(नियमावलीको नियम ४ को उपनियम (३) सँग सम्वन्धित)

बन्दीपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बन्दीपुर, तनहुँ

## घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र

**इजाजत पत्र न............** **मिति :-**

“घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी नियमावली, २०७५ को नियम को उपनियम (३)बमोजिम निर्माण व्यवसाय गर्न ...................................स्थित कार्यालय भएको ....................................फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

इजाजतपत्र दिनेको
दस्तखत :-
नाम :-
पद :-
मिति :-

---

पाना २
नविकरण भएको ईजाजतप्राप्त “घ” वर्गको निर्माण व्यवसायी संस्थाको नाम:
ईजाजतपत्र नं. :-

| नविकरण गर्ने अधिकारीको नाम | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर | भौचर नं र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
बन्दिपुर गाउँपालिका
तनहुँ

**अनुसूची ५**

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

**“घ” वगको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता**

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई प्रचलित कानून बमोजिम दर्ता गर्ने निकायमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :

(क) ट्रिपर /टयाक्टर ( एक/एक थान आफूसँग भएको वा भाडामा लिनेगरी करार गरेको)

(ख) मिक्सर (एक थान)

(ग)Theodolite/Level Machine (एक सेट आफूसँग भएको वा भाडामा लिनेगरी करार गरेको)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

**द्रष्टव्य :**

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तरबृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत
कमल बहादुर के.सी

जनता सम्पूर्ण आश्रिम... 
बन्दिपुर गाउँपालिका
तनहुँ